म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१५ अङ्कः- २०६ २०८१ असार ४ गते मंगलबार 18 June 2024, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

## हेटौँडामा दोस्रो अस्पतालको जरुरीः मेसु अर्याल

हेटौँडाः हेटौँडा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) श्रीधर अर्यालले हेटौँडामा दोस्रो अस्पताल जरुरी देखिएको बताउनुभएको छ । शुक्रबार भएको अस्पतालको सामाजिक परीक्षण कार्यक्रममा मेसुले हेटौंडा अस्पतालमा आउने बिरामीको उपस्थिति अनुसारको हेटौंडामा दोस्रो अस्पतालको आवश्यकता रहेको बताउनुभएको हो । समृद्ध समाज राष्ट्रिय दैनिकका सम्पादक सुरेश श्रेष्ठले अस्पतालको सामाजिक परीक्षण प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा श्रेष्ठले अस्पतालको समस्या, सुधार भएको पक्ष तथा चुनौतिहरुको बारेमा प्रस्तुत गर्नु भएको हो । हेटौंडा अस्पतालको ओपिडि तथा औषधीको टिकट काउन्टरमा भिडभाड देखिएकाले मेसु अर्यालले ओपिडिमा पनि टोकन नै लागु गर्ने योजनामा रहेको बताउनुभयो ।

# हेटौंडाको पूर्वाधार विकासमा ४० प्रतिशतमात्रै वित्तीय प्रगति

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाको चालु आर्थिक वर्षमा पूर्वाधार विकास कार्यक्रमअन्तर्गत विनियोजन भएको बजेटको ४० प्रतिशतमात्र वित्तीय प्रगति भएको छ । आइतबार हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँले चालु आर्थिक वर्ष २०८०/८१ को प्रमुख उपलब्धिसहितको समीक्षामा पूर्वाधारतर्फ ४० प्रतिशतमात्र वित्तीय प्रगति भएको बताउनुभएको हो ।

चालु आर्थिक वर्षमा पूर्वाधार विकास कार्यक्रमअन्तर्गत ४९ करोड २६ लाख ६१ हजार २ सय ३० रुपैयाँ बजेट विनियोजन भएकोमा जेठ मसान्तसम्म १९ करोड ७४ लाख ७५ हजार ५ सय ३१ रुपैयाँमात्र खर्च भएको हो। नगरस्तरीय योजना ४० वटा र वडास्तरीय ८ सय ५६ वटा गरी ८ सय ९६ वटा सञ्चालन गरिएकोमा जेठ मसान्तसम्ममा ४ सय ९२ वटा सम्पन्न भएका छन् भने ४ सय ४ वटा चालु अवस्थामा रहेको छ ।

सम्पन्न योजनाबाट ३६ किलोमिटर कंक्रिट सडक निर्माण सम्पन्न भएको छ भने २.५ किलो मिटर सडक कालोपत्रे, सडक ग्राभेल ६.५ किलोमिटर तथा ४ किलोमिटर नाला निर्माण सम्पन्न भएको छ। खानेपानी पूर्वाधार १२ वटा, विद्यालय पूर्वाधार २४ वटा, पर्यटन पूर्वाधार २१ वटा, खेलकुद पूर्वाधार ६ वटा, गुम्बा पूर्वाधार सुधार २४ वटा, मन्दिर पूर्वाधार निर्माण ३४ वटा, स्वास्थ्य पूर्वाधार ७ वटा र शौचालय १७ वटा निर्माण सम्पन्न भएका छन् । यस्तै, बस्ती संरक्षण एवम् तटबन्धन २० वटा, सिँचाइ योजना १३ वटा, सामुदायिक भवन पूर्वाधार एवम् मर्मत सम्भार २४ वटा सम्पन्न भएका छन्। सडकमा रहेको अव्यवस्थित पोललाई व्यवस्थित गर्ने क्रममा नेपाल विद्युत् प्राधिकरणसँगको सहकार्यमा १ सय ५० वटा पोल व्यवस्थित गरिएको छ ।

एक वडा एक खेलकुद पूर्वाधार निर्माण गर्दै जाने नीतिअनुरुप हेटौंडा-७ स्थित नागस्वतीमा खेल मैदान निर्माण, वडा नम्बर १२ स्थित पदमपोखरीमा प्यारापिट र वडा नम्बर १७ मा फुटसल निर्माण सम्पन्न भएका छन् भने वडा नम्बर ६ र १४ मा व्याडमिन्टन कोर्ट निर्माणाधीन अवस्थामा रहेको छ । वडा कार्यालयको प्रशासनिक भवन क्रमशः निर्माण गर्दै जाने नीतिअनुरुप चालु आर्थिक वर्षमा ९ नम्बर वडा कार्यालयको भवन निर्माण सम्पन्न गरी सोही भवनवाट दैनिक सेवा सञ्चालन, वडा नम्बर १ को नकौली शहरी स्वास्थ्य केन्द्र र वडा नम्बर ४ को मोहन बज्राचार्य शहरी स्वास्थ्य केन्द्र निर्माण अन्तिम चरणमा रहेको जनाइएको छ ।

यस्तै, वडा नम्बर १० मा रहेको फोहोर विसर्जन केन्द्रको दुर्गन्ध व्यवस्थापन गर्न तथा अन्य क्षति न्यूनीकरणका लागि कर्कटपाताबाट १ हजार ३ सय ५० मिटर घेराबारा गर्ने कार्य सम्पन्न भएको छ । संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रमतर्फ वडा नम्बर ४ को श्रमिक माध्यमिक विद्यालयको भवन निर्माण कार्य भइरहेको छ भने समपूरक कार्यक्रमअन्तर्गत वडा नम्बर १३ को पदमपोखरी मुख्य सडकको स्तरीकरण गर्ने कार्य भइरहेको छ ।

बागमती प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रमतर्फ वडा नम्बर १८ को ज्योति माध्यमिक विद्यालयको भवन, वडा नम्बर ७ को कर्णावती रोड निर्माणाधीन अवस्थामा रहेको छ भने वडा नम्बर १२ को वेलडाँडादेखि घलान टोल सडक स्लाब ढलान कार्य र वडा नम्बर १७ को गैरीगाउँ कृषि सिँचाइ तथा नहर निर्माण कार्य सम्पन्न भएको छ। नगरपालिकाको आफनै स्रोतबाट वडा नम्बर १० को ज्ञानदा माध्यमिक विद्यालयको भवन निर्माण प्रारम्भ गरिएको छ ।



*हेटौँडा-१९ मा निर्माण गरिएको कज्वेको अनुगमन गर्नुहुँदै नगर प्रमुख र वडाध्यक्षहरु।*

नगर विकास कोषसँगको साझेदारीमा सञ्चालित वडा नम्बर १० को एकीकृत बस टर्मिनल भवन आयोजना निर्माण अन्तिम चरणमा रहेको छ। सडक बोर्ड नेपालको साझेदारीमा वडा नम्बर ४ को स्कूलरोड, पारिजात पथ र नन्दस्थान रोडको कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ । विकट वडामा सडक यातायातमा पहुँच विस्तार गर्ने कनेक्टिभिटी सडकको रुपमा वडा नम्बर १९ को शेरशेर-कुवापानी सडक निर्माण कार्यलाई प्राथमिकताको साथ बजेट विनियोजन गरी सडक स्तरीकरण कार्य सञ्चालन गरिएको छ । यस्तै, बागमती प्रदेशको भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको लागत साझेदारीमा निर्माण भइरहेको प्रादेशिक तरकारी तथा फलफूल थोक बजार निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

उपमहानगरपालिकाबाट सम्पादन हुने कार्यलाई प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुऱ्याउने साझेदार निकायको मागअनुसार राष्ट्रिय अनुसन्धान ईन्टेलिजेन्स शिक्षालय, मालपोत कार्यालय, नापी कार्यालय र जिल्ला ट्राफिक कार्यालयलाई महत्वपूर्ण पूर्वाधार सहयोग उपलब्ध गराइएको छ। हेटौंडा अस्पतालको पूर्वाधार निर्माणका लागि विनियोजित ८० लाख रुपैयाँको काम अगाडि बढाइएको छ। ४ करोड ६१ लाख ५० हजार रुपैयाँ लागत रहेको ११ नम्बर वडामा सिमलटार खानेपानी आयोजनाका लागि खानेपानी तथा सरसफाई डिभिजन नम्बर १, हेटौंडा र हेटौंडा खानेपानी व्यवस्थापन बोर्डसँग सम्झौता भएर निर्माण कार्य प्रारम्भ गरिएको छ ।

उपमहानगरले चालु आर्थिक वर्षको जेठ मसान्तसम्ममा ४१ वटा नगरस्तरीय योजनाको स्थलगत अनुगमन र ५५ वटा कार्यक्रमसमेत ९६ वटा योजना तथा कार्यक्रमको फरफारकको सिफारिस गरिएको जनाएको छ। चालु आर्थिक वर्षको वार्षिक कार्यक्रममा स्वीकृत प्रक्षेपित आय अनुमानअनुसार संघीय सरकारबाट प्राप्त हुनुपर्ने रकममा भएको भारी कटौती र आन्तरिक स्रोत संकलनमा अनपेक्षित कमीका कारण चालु वर्षमा सम्पन्न हुने सबै योजना तथा कार्यक्रमको भुक्तानी गर्न नसकिने जोखिम बढेको नगर उपप्रमुख बानियाँले उल्लेख गर्नुभएको छ ।

उपप्रमुख बानियाँले आर्थिक विकासतर्फको कार्यक्रमअन्तर्गतको प्रगति विवरणमा जमिनको बढ्दो खण्डीकरणलाई निरुत्साहित गर्दै जग्गाको व्यवस्थित उपयोगको लागि जग्गाको वर्गीकरण गर्न पुनरावलोकन कार्य सुरु गरिएको बताउनुभएको छ। ड्रागन, केरा, मेवा, खरबुजालगायतका फलफूल तथा तरकारी उत्पादनमा नगरले गरेको सहयोगले उत्पादनमा वृद्धि भएको र महिला सहकारीबाट उत्पादित गुन्द्रुक अनुज्ञापत्र प्राप्त भई बजारीकरणको सुरुवात भएको उल्लेख छ । वैदेशिक रोजगारीबाट फर्किएका युवा तथा बेरोजगार युवालाई लक्षित गरी व्यावसायिक कृषिमा आकर्षित गर्न आवश्यक कार्यक्रम सञ्चालन भएको छ। नगर क्षेत्रमा किसानलाई उन्नत बालीको बीउमा अनुदान कार्यक्रमअन्तर्गत गहुँ ३ हजार ७ सय ५५ केजी, तोरी २ हजार २ सय ९० केजी र सात हजार प्याकेट तरकारी मिनिकिट वितरण तथा परीक्षण गरिएको छ । नगरको वडा नं १८ र १३ मा क्रमशः धान र तरकारी बाली पकेट कार्यक्रम सञ्चालन गरिएको छ । आकस्मिक बाली क्षतिपूर्ति सहयोग कार्यक्रमअन्तर्गत केरा, धान र मकैमा ३ लाख ५४ हजार रुपैयाँ क्षतिपूर्ति रकम सहयोग गरिएको छ । 'एक गोठ, एक पाडी' कार्यक्रममार्फत् दूधको उत्पादन बढाउन पाडी पालन कार्यक्रमलाई अनुदानमा आबद्ध गरी सञ्चालन गरिने कार्यको थालनी भएको छ ।

यस्तै, कृषि औजारको पहुँच कम रहेका सीमान्तकृत किसानलाई खेती प्रणाली सहजीकरणका लागि हल गोरु पालन प्रोत्साहन कार्यक्रमलाई अनुदान उपलब्ध गराइएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत् नगर क्षेत्रमा रहेका बेरोजगार सूचीमा सूचीकृत कामदारलाई विकास कार्यमा अधिकतम परिचालन गरिनेछ । संघीय सरकारको सशर्त अनुदान कार्यक्रमतर्फ फलफूल प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ । नगर क्षेत्रमा किसानलाई सहज सेवा उपलब्ध गराउन ७ वटा पशु सेवा केन्द्रमार्फत् पशु सेवा उपलब्ध गराइएको छ भने पशु सेवा विज्ञ केन्द्र मकवानपुर समेतको सहयोगमा ५५ हजार बाख्रामा पीपीआर खोप कार्यक्रम सञ्चालन गरिएको छ । मागमा आधारित १२ जना गरिब विपन्न कृषकलाई नगरपालिकाले ४० हजार र लाभग्राहीले १८ हजार बेहोर्ने गरी लागत साझेदारीमा गाई किन्न अनुदान प्रदान गरिएको छ। संघीय सशर्त अनुदानअन्तर्गत प्राप्तसँग उत्पादनमा आधारित अनुदानमा मासु, दूध, हरियो घाँस प्रर्वद्धन कार्यक्रम सञ्चालन भएका छन् । महामारीको रुपमा गाई-भैंसीमा देखिएको खोरेत रोगविरुद्ध करिब ४५ हजार डोज भ्याक्सिन लगाइएको छ। साथै, पशु स्वास्थ्य केन्द्रबाट प्राथमिक उपचारका औषधी वितरणसहित प्राविधिक सेवा उपलब्ध गराइएको छ ।

एक गोठ एक पाडी अनुदान कार्यक्रममा एक सय जना लाभान्वित, युवा लक्षित पशुपालनमा १९ जना, ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रममा २० जना र हल गोरु पालन प्रोत्साहन कार्यक्रममा ८, गरिब विपन्न तथा एकल महिला पशुपालन कार्यक्रममा २५ जना, छोरी पशुधन कार्यक्रममा ९ जना, माछा तथा हाँस प्रवर्द्धन कार्यक्रममा २ जना र रैथाने गाई प्रवर्द्धन कार्यक्रममा ५ जना मागमा आधारित कार्यकम २४ जना गरी १ सय १२ जना कृषकलाई १ करोड ७ लाख अनुदान दिइएको छ ।

## नागस्वती फुटबल स्टेडियमलाई १ करोड ७२ लाख

हेटौंडाः नागस्वती फुटबल स्टेडियम निर्माण गर्नका लागि आगामी आर्थिक वर्ष २०८१/८२ मा १ करोड रुपैयाँभन्दा बढी बजेट बिनियोजन गरिने भएको छ। आइतबार हेटौंडा उपमहानगरपालिकाको १५ औं नगरसभाको बैठकमा नगर उपप्रमुख राजेश बानियाँले खेलकुदतर्फ फुटबल स्टेडियम निर्माणका लागि आगामी आर्थिक वर्षमा १ करोड ७२ लाख रुपैयाँ बजेट बिनियोजन गरिने बताउनुभएको हो ।

उपप्रमुख बानियाँले विभिन्न खेलकुद कार्यक्रमका लागि १ करोड रुपैयाँभन्दा बढी बजेट बिनियोजन गरेको जानकारी दिनुभयो। उहाँले युवा उपमेयर कार्यक्रम, मेयर कप फुटबल प्रतियोगिता, शहीद स्मृति मकवानपुर गोल्डकप फुटबल प्रतियोगिता र युवाहरुसँग सम्बन्धित अन्य खेलकुद प्रतियोगिता सञ्चालनका लागि बजेट विनियोजन गरेको बताउनुभयो ।

आर्थिक वर्ष २०८०/८१ मा खेलकुद क्षेत्रको विकासका लागि ३० वटा कार्यक्रम निर्धारण गरिएकोमा ७ वटा पूर्णरुपमा कार्यान्वन भएको, ४ वटा आंशिकरुपमा कार्यान्वन भएको र १९ वटा कार्यक्रमको अवस्था सन्तोषजनक रहेको बताउनुभयो। खेलाडीहरुको प्रोत्साहनका लागि विभिन्न प्रतियोगितामा पदक जित्ने हेटौंडा उपमहानगरपालिकाभित्रका खेलाडीलाई सम्मान गरिएको उहाँले बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिकाको प्रत्येक वडामा एउटा खेलकुद पूर्वाधार निर्माण गर्ने लक्ष्यअनुसार काम भइरहेको उहाँले जानकारी दिनुभयो । वडा नम्बर ७ को नागस्वती खेल मैदान, वडा नम्बर १२ पदमपोखरीको प्यारापिट र वडा नम्बर १७ हटियाको फुटसल कोर्टको निर्माण कार्य सम्पन्न गरेको बताउनुभयो । वडा नम्बर १४ मयूरधाप र वडा नम्बर ६ को व्याडमिन्टन कोर्ट निर्माण अवस्थामै रहेको उहाँले बताउनुभयो ।

# बागमतीको करको दर परिमार्जन

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले प्रदेशको एकल तथा साझा अधिकार क्षेत्रभित्र रहेका विज्ञापन कर, मनोरञ्जन कर, दहत्तर बहत्तर (ढुंगा, गिट्टी, बालुवा) करमा परिमार्जन गरेको छ । प्रदेश राजस्व परामर्श समितिको परामर्श तथा सुझावका आधारमा राजस्वको नयाँ क्षेत्रको पहिचान गरी उक्त क्षेत्रको राजस्व दर परिमार्जन गरेको आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले बताउनुभयो ।

प्रदेशको अधिकार क्षेत्रभित्रका अधिकांश करका दरहरु यथावत् राखी कार्यान्वयनमा देखिएका द्विविधा हटाउने गरी केही करका दरहरुमा सामान्य परिमार्जन गरिएको उहाँले बताउनुभयो । मन्त्री थपलियका अनुसार २० वर्ष वा सो भन्दा बढी अवधि पूरा भएका सार्वजनिक सवारी साधनको दर्ता खारेज गर्ने प्रयोजनका लागि आगामी पुष मसान्तसम्म बुझाए जरिवानामा ८० प्रतिशत छुट दिइने भएको छ ।

व्यावसायिक फर्म दर्ता गरी नवीकरण नगरेका उद्योग, फर्म र व्यवसायले आगामी पुस मसान्तभित्र आर्थिक वर्ष २०७७/०७८ देखि तीन वर्षसम्मको विवरण बुझाएमा सम्पूर्ण जरिवाना मिनाहा गरी र नवीकरण दस्तुरमा ५० प्रतिशत छुट दिने उहाँको भनाइ छ। मालपोत कार्यालयबाट संकलन हुने घरजग्गा रजिष्ट्रेशन शुल्कलाई यथावत् राख्ने र अन्य सेवा शुल्कमा सामान्य परिमार्जन गरिएको उहाँले जानकारी दिनुभयो ।

सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थिएटर/नाटकघर, दोहोरी साँझ, डान्सबार, नाइट क्लब, क्यासिनो, पार्क प्रवेश, फुटसल, स्वीमिङ पुल, जिपलाइन, स्वीङ, आकाशे सिसाको पुल, बन्जी जम्पलगायत क्षेत्रको करलाई आवश्यक परिमार्जन गरी मनोरञ्जन करको दायरालाई थप विस्तार गरिएको छ । विज्ञापन करको संकलन तथा प्रशासनमा एकरूपता कायम गर्न र थप प्रभावकारी बनाउन विज्ञापन करसम्बन्धी नमुना कानुन बनाई स्थानीय तहलाई उपलब्ध गराइएको र आगामी आर्थिक वर्षमा विज्ञापन करबापत उठ्ने राजस्वमा वृद्धि हुने सरकारको अनुमान रहेको छ ।

बागमती प्रदेश सरकारको एकल अधिकार क्षेत्रभित्र रहेको कृषि आयमा लाग्ने करको क्षेत्र तथा आधार निर्धारण गर्न अध्ययन गर्ने भएको छ । कर तथा गैरकर राजस्व संकलनलाई वस्तुनिष्ठ र प्रभावकारी बनाउन राजस्व संकलन गर्ने निकायहरुको जिम्मेवारी निर्धारण गर्ने, राजस्व चुहावट नियन्त्रण गर्न संघीय सरकार र स्थानीय तहसँग सहकार्य र समन्वय गर्ने सरकारको रणनीति रहेको छ ।

# मानवसेवा आश्रमद्वारा दुई जनाको पारिवारिक पुनर्मिलन

समाज संवाददाता

हेटौँडाः हेटौँडा-९ स्थित मानव सेवा आश्रमले दुई जनालाई पारिवारिक पुनर्मिलन गराएको छ। शनिबार आश्रमले चितवनको भरतपुर महानगरपालिका घर भएकी ८१ वर्षीया वृद्धा सूर्यमाया गोले र पर्साको बसन्तपुर-८ का ५० वर्षीय मुखल साह तेलीलाई पारिवारिक पुनर्मिलन गराएको आश्रमका अभियन्ता होमनाथ पौडेलले जानकारी दिनुभयो ।

अभियन्ता पौडेलका अनुसार वृद्धालाई गत जेठ १३ गते हेटौँडा अस्पताल नजिकैबाट प्रहरी र आश्रमबाट खटिएको टोलीले उद्दार गरिएको थियो भने साहलाई जेठ २५ गते चितवनको भरतपुरबाट उद्दार गरिएको थियो । दुवै जनालाई संरक्षणका लागि मानव सेवा आश्रम हेटौँडामा ल्याइएको थियो। वृद्धालाई शनिबार उहाँका घरमा पुऱ्याएर छोरी माया भुजेललाई जिम्मा लगाएको अभियन्ता पौडेलले बताउनुभयो ।

यस्तै साहलाई लिन परिवार नै आश्रममा सम्पर्क गरेर आइपुगेका थिए । मानव सेवा आश्रम हेटौँडाले हालसम्म १ हजार ७ जनाको उद्दार गरी ९ सय जनाको सफल पारिवारिक पुनर्मिलन गराइसकेको छ। आश्रमले जेठ महिनामा २० जनाको उद्दार गरी ६ जनाको पारिवारिक पुनर्मिलन गराउन सफल भएको छ ।

# देउखेलमा गाँजा बरामद

समाज संवाददाता

हेटौँडाः मकवानपुरको थाहा नगरपालिका-७, देउखेलबाट प्रहरीले एक सय केजी लागुऔषध गाँजा बरामद गरेको छ ।

शुक्रबार दिउँसो १२ बजेको समयमा देउखेलबाट पालुङतर्फ जाँदै गरेको ना २० प १८६७ र प्रदेश ३-०२-०१२ प १५९२ को दुईवटा मोटरसाइकलमा सवार व्यक्तिहरु प्रहरी गस्ती टोली देखेपछि मोटरसाइकल छाडेर भागेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ। प्रहरीले २ वटा पोकामा अन्दाजी एक सय केजी लागुऔषध गाँजा बरामद भए पनि लागुऔषध तस्करी गर्ने व्यक्ति भने फरार भएको जनाएको छ । फरार अभियुक्तहरुको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# चट्याङ लागेर प्रजाको मृत्यु

समाज संवाददाता

हेटौँडाः मकवानपुरको राक्सिराङ गाउँपालिका-२, थुम्कीमा चट्याङ लागेर एकजनाको मृत्यु भएको छ । सोमबार बिहान साढे ४ बजे घरमै सुतिरहेका ४५ बर्षीय बीर बहादुर प्रजालाई चट्याङले हानेको थियो ।

चट्याङ लागेर घाइते भएका प्रजालाई उपचारका लागि हेटौँडा अस्पताल पुऱ्याइएको थियो। बिहान करिब ८ बजे अस्पताल पुऱ्याउँदा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

## सम्पादकीय

# बजेटको प्रभावकारी कार्यान्वयन

हरेक वर्ष साउन १ गतेबाट सुरु हुने नयाँ आर्थिक वर्षका लागि विभिन्न तहका सरकारले धमाधम बजेट सार्वजनिक गरिरहेका छन् । संवैधानिक व्यवस्थाअनुसार संघीय सरकारले गत जेठ १५ गते बजेट सार्वजनिक गरेको हो । हरेक वर्ष संघीय सरकारले जेठ १५ गते संघीय व्यवस्थापिकाको बैठकमा बजेट प्रस्तुत गर्नुपर्ने हुन्छ । संघीय व्यवस्थापिकामा सरकारले पेश गरेको बजेटमाथि छलफल चलिरहेको छ । ७ वटै प्रदेश सरकारले गत असार १ गते बजेट सार्वजनिक गरेको छ । हरेक वर्ष असार १ गते प्रदेश सरकारले प्रदेशसभा बैठकमा बजेट प्रस्तुत गर्नुपर्ने संवैधानिक व्यवस्थाअनुसार सातवटै प्रदेश सरकारले बजेट सार्वजनिक गरेको हो । यस्तै, असार १० गतेसम्म देशभरका ७ सय ५३ वटै स्थानीय सरकारले बजेट सार्वजनिक गर्नुपर्ने व्यवस्थाअनुसार हेटौंडा उपमहानगरपालिकाले पनि असार २ गते नगरसभा बैठकमा बजेट प्रस्तुत गरिसकेको छ ।

तीनै तहको सरकारले पेश गरेको बजेट व्यवस्थापिकामा छलफल गरी पारित गर्नुपर्ने हुन्छ । संघीय सरकारको बजेट प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित गर्नुपर्छ । प्रदेश सरकारको बजेट प्रदेशसभाबाट पारित गर्नुपर्छ । स्थानीय तहको बजेट गाउँ/नगरसभाबाट पारित गर्नुपर्छ । सरकारले पेश गरेको बजेट तथा कार्यक्रमका बारेमा प्रतिनिधिसभा, प्रदेशसभा, गाउँ/नगरसभामा व्यापक छलफल हुने गर्दछ । बजेटप्रति समर्थन र बिरोध हुन्छ । तय गरेका कार्यक्रम र त्यसका लागि विनियोजन गरिएको बजेटको पक्ष र विपक्षमा तर्क/वितर्क गरिन्छ । बजेट संशोधन गर्न जनप्रतिनिधिहरुले थुप्रै संशोधन प्रस्ताव दर्ता गर्दछन् । तर, अधिकांश सरकारले ल्याएको बजेट जस्ताको त्यस्तै पारित हुन्छन् । बजेटमा रहेका कमी, कमजोरी, त्रुटीलाई सच्याउनुभन्दा बहुमतको आडमा सरकारले बजेट हुबहु पारित गराउने परिपाटीले निरन्तरता पाउँदै आएको छ । यस्तो कर्मकाण्डी र प्रक्रियामुखी परिपाटीका कारण सरकारले ल्याएको बजेटप्रति सबै जनप्रतिनिधिको अपनत्व हुँदैन र बजेट कार्यान्वयनमा समेत जटिलता उत्पन्न हुन्छ ।

संसदीय शासन व्यवस्थामा सरकारले नयाँ आर्थिक वर्षको नीति तथा कार्यक्रम पारित गराएर सोहीअनुसार बजेट विनियोजन गर्दछन् । सरकारले ल्याएको नीति तथा कार्यक्रम र विनियोजन गरेको बजेटको प्रभावकारी कार्यान्वयनबाट आम नागरिकले विकास र समृद्धिको अनुभूति गर्न सक्छन् । तर, नेपालमा संघदेखि स्थानीय तहसम्मै सरकारले ल्याउने बजेट जनतामुखी र सन्तुलित हुँदैनन् । राजनीतिक दल तथा व्यक्तिको स्वार्थअनुकूल हुनेगरी बजेट बनाइन्छ । बजेट निर्माण प्रक्रियामा प्रत्यक्ष संलग्न हुने, सत्तापक्षका र पहुँच पुऱ्याउन सक्ने जनप्रतिनिधिले आफू अनुकूलका योजना तथा कार्यक्रमका लागि पर्याप्त बजेट पाउँछन् । पद, पार्टी, पहुँच, प्रभाव आदिका आधारमा बनाइने बजेट सन्तुलित र जनमैत्री हुँदैनन् । यस्ता बजेट कार्यान्वयन भए पनि सबैले समान प्रतिफल पाउन सक्दैनन् । अझ विनियोजित बजेट कार्यान्वयन नै हुन नसक्ने समस्या व्यापक बन्दै गएको अवस्थामा जस्तोसुकै बजेट आए पनि आम सर्वसाधारणमा कुनै उत्साह देखिँदैन ।

मुलुक संघीयतामा गएसँगै तीन तहको सरकारले वर्षेनि बजेट ल्याउने गरेका छन् । तर, तीनै तहका सरकारले ल्याउने बजेट वैज्ञानिक, सन्तुलित र प्रभावकारी बन्न सकेको छैन । संघीय सरकारले समेत केही लाख रुपैयाँका योजना तथा कार्यक्रम बजेटमा समावेश गर्ने, प्रदेश सरकारले पनि टुक्रे योजनामा बढी बजेट विनियोजन गर्ने परिपाटी बढ्दै गएको छ । स्थानीय सरकारले कार्यान्वयन गर्नुपर्ने प्रकृतिका कार्यक्रममा संघ र प्रदेशले बजेट विनियोजन गरिदिँदा कयौं योजना तथा कार्यक्रममा दोहोरोपन देखिने गरेको छ । एउटै कार्यक्रम र क्षेत्रमा संघ, प्रदेश र स्थानीय तीनै तहबाट बजेट विनियोजन हुँदा अन्य आवश्यक महत्वपूर्ण क्षेत्र ओझेलमा पर्ने गरेका धेरै उदाहरण छन् । हरेक सरकारले आवश्यकता र प्राथमिकताको आधारमा कार्यान्वयन गर्नसक्ने योजना तथा कार्यक्रम छनोट गरी सन्तुलित बजेट ल्याएर त्यसको प्रभावकारी कार्यान्वयन गर्न सकेमा बजेटको सार्थकता रहन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : विवेकको सही सदुपयोग गरेर कार्यसम्पादन होला । |
| वृष | : तर्क वितर्क र झैं-झगडामा अगाडी नबढ्दा राम्रो । |
| मिथुन | : पेशागत उन्नति देखा पर्ने समय योग रहेको छ । |
| कर्कट | : भोगविलास र रामरमाइलोमा खर्च बढ्ने समय छ । |
| सिंह | : व्यवहारिक क्षेत्रका काममा मन आकर्षित होला । |
| कन्या | : बोलीमा नियन्त्रण गर्दा लाभ प्राप्त होला । |
| तुला | : विश्वासको वातावरणले लाभ प्राप्त होला । |
| वृश्चिक | : प्रयासले रोकिएका कामहरु बन्ने समय छ । |
| धनु | : सेवाभाव र दानपुण्यका क्षेत्रमा आकर्षण बढ्ला । |
| मकर | : विवेकको प्रयोगले सफलता प्राप्त हुने योग छ । |
| कुम्भ | : शारीरिक तन्दुरुस्ती र आर्थिक पक्ष सबल बन्ला । |
| मीन | : पारिवारीक सर-सहयोग प्राप्त हुने समय योग छ । |

# सदाचारयुक्त खोटरहित नियत नै नीति तथा कार्यक्रम सफलताका आधार



रमेश प्रसाद लामिछाने

१. प्रत्येक जेठ १५ गते संघीय बजेटसहित राष्ट्रको नीति तथा कार्यक्रम प्रस्तुत गर्नैपर्ने संवैधानिक व्यवस्था छ । संघीय नीति तथा कार्यक्रमकै अधिनस्थ रही सातै प्रदेशले प्रत्येक असार १ गते बजेटसहित प्रादेशिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने व्यवस्था छ। संघीय र प्रादेशिक नीति तथा कार्यक्रमसँग नबाझिने गरी असारकै १० गते ७५३ वटै स्थानीय तहले आ-आफ्ना पालिकाको बजेटसहित नीति तथा कार्यक्रम प्रस्तुत गर्ने व्यवस्था रहेको छ । हाम्रा नीति तथा कार्यक्रममा खासै समस्या पाईदैन । राम्रा, उच्चस्तरका, अत्याधुनिक, वैज्ञानिक, सुन्दर एवम् स्तरीय शब्दबाट सिंगारिएका नीति तथा कार्यक्रमहरु ल्याउनमा तीव्र प्रतिस्पर्धा देखिन्छ । कार्यक्रमसँग बजेटको सामञ्जस्यता अत्यन्त फितलो स्पष्ट देन्छि। गत बर्षका नीति तथा कार्यक्रमले नै बर्षेनी निरन्तरता पाइरहेका हुन्छन् । एकाध नयाँ नाराहरु थप्दै अधिकांश पुरानै कपि पेष्टको परम्परा बार्षिक श्राद्ध झैं औपचारिकतामा सर्दै आइरहेकोमा शंका छैन। मन्त्रालयको नीति तथा कार्यक्रमका बारेमा सम्बन्धित मन्त्री तथा सांसदहरु नै अनभिज्ञ हुने, कुन कार्यक्रमका लागि कति बजेट आवश्यक पर्दछ भन्ने जस्ता जरुरी विषयमा गम्भीर नबन्ने, त्यस्तै यो रोग स्थानीय तहमा पनि भेटिन्छ। यस्को मुख्य कारण भनेको योजना, नीति र कार्यक्रम तयार गर्ने काम अधिकांशतः हायर गरिएका विज्ञहरुबाट हुँदै आएको छ।

२. नीति तथा कार्यक्रम निर्माण र छनौट अनि सोका लागि आवश्यक बजेट निर्धारण गर्नु अघि गत बर्षको सुक्ष्म विश्लेषण र समीक्षा जरुरी पर्दछ । कार्यक्रमहरुको प्रकृति र लागत बजेटको अवस्थासँगै उक्त कामबाट लाभान्वित समुदायको समेत वस्तुनिष्ठ समीक्षामा आधारित भएर मात्र वर्तमानका नीति तथा कार्यक्रम निर्माण गर्नु वैज्ञानिक बन्ने तथ्यमा दुईमत छैन । हचुवामा आफ्नो निर्वाचन क्षेत्रमा बजेटको भोल्युम कति छ भन्ने अंकसँग मात्र सरोकार हुनु भनेको गैरजिम्मेवारीपन भन्नै पर्दछ। नदी नभएका ठाउँमा पुल निर्माण भन्दै बजेट विनियोजनलाई नीति तथा कार्यक्रमको नै सहज उपहास भन्न सकिन्छ । कुन प्रकृतिका कति लागतका योजना कुन तहको सरकारको कार्यक्रममा समावेश गर्ने भन्ने अभ्यासका मापदण्डलाई लत्याएर हजारका कार्यक्रम प्रदेश सरकारको नीति तथा कार्यक्रममा र लाखका कार्यक्रमहरु संघीय सरकारको बजेटमा आउनुलाई रहस्यपूर्ण भन्नै पर्दछ।

बजेट पुस्तिकामा प्रवेश गराएर उक्त नाममा भोलि चलखेल र दुरुपयोगका ढोका खुल्ला बनाउने षड्यन्त्रका लागि भ्रष्टहरुको गिरोह नै सक्रिय रहेका कारण आलोच्य बनेको तथ्य स्विकार्नै पर्दछ । सरकारी योजनामा कार्यक्रमहरुको प्राथमिकीकरण अर्को महत्वपूर्ण समस्या हो । व्यक्तिगत र गुटगत स्वार्थका कारणले देशको नीति र कार्यक्रमहरु बन्धक बन्नुलाई दुर्भाग्य भन्नै पर्दछ। कार्यक्रमहरुको शीर्षक बदल्ने, बजेटको रकमान्तरण गर्ने, नियतवश दोहोरो विनियोजन गर्ने र आवश्यक भन्दा पनि आफ्ना स्वार्थ अनुरुप बजेट मिलाउन निर्देशन गर्ने काम सामान्य र परम्परागत बन्दै आएका छन् ।

३. एकै शीर्षक र उही स्थानमा बर्षै पिच्छे बजेट विनियोजन गर्न त तलब भत्ता लगायतका नियमित र निश्चित शिर्षक हुनुपर्दछ। अन्यथा, साक्षर नेपालका लागि बजेट छुट्याउन लागेको बाह्र बर्ष बितिसकेको, राष्ट्रपति शैक्षिक सुधारका नाममा भवन, शौचालय र प्रयोगशालामा बजेट विनियोजनको दशक पुग्न लागेको, राष्ट्रपति चुरे संरक्षणका नाममा बर्षेनी गरिएको लगानी, मेलम्ची खानेपानीको बजेट, फाष्ट ट्रयाकको लगानी, नारायणगढ-बुटवल सडक निर्माण, क्रिकेट रंगशाला आदिलाई उदाहरणका रुपमा लिन सकिन्छ । कति बर्षे योजना हो, सोको अवधि निर्धारण नगरी दशौं बर्ष लगातार बजेट बिनियोजन गर्नुलाई अदूरदर्शिताको परिणाम भन्नै पर्दछ । राज्य दोहनको निरन्तरता भंग हुने दिन आएमा सोको मूल्य चर्को पर्न सक्छ ।

राष्ट्रिय गौरवका योजनाका मापदण्ड र शर्त तथा अवधि निर्धारण गरिएको हुनुपर्दछ। योजना आयोगले तयार गरेको योजना पुस्तिका अभिलेखीकरण मात्र हुनु हुँदैन । जनताबाट उठाइएको कर तथा राजश्वको दुरुपयोग रोक्ने सरकारी पहल र योजना नागरिकको अपेक्षा हो। देशको विकास, निर्माण र समृद्धिका सवालमा राजनीतिक दलहरु र सरकार अनि कर्मचारी संयन्त्र एक ढिका हुनु जरुरी छ। तर, सरकारको नीति तथा कार्यक्रम र बजेटका विषयमा दलहरु बीच एक अर्कामा आरोप प्रत्यारोपको जुहारी नै सुनिन्छ। सरकारका मन्त्रीहरु नै एकमत बन्दैनन् भने उक्त नीति कार्यक्रम कार्यान्वयनको अपेक्षा गर्ने आधारमा पर्याप्त शंका गर्न सकिन्छ।

४. संघीय बजेटको करिब १८ प्रतिशत रकम विकास निर्माणमा छुट्याईन्छ र सोको करिब ३६ प्रतिशत रकम मात्र जेठ महिनासम्ममा खर्च भएको भनिन्छ। असार एक महिनामा प्रतिदिन अर्बौ भुक्तानी गर्दा पनि अर्को आर्थिक बर्षका लागि करिब ३० प्रतिशत पूँजीगत बजेटको मौज्दात रकम सार्ने काम भएको देखिन्छ। यस बर्ष कुल बजेटको १०.६५ प्रतिशत अर्थात २ खर्ब ३ अर्ब रकम शिक्षामा छुट्याइएको छ। सो मध्ये करिब ७० प्रतिशत रकम तलब भत्ता तथा पेन्सनमा खर्च हुने भनिएको छ । बाँकी करिब ३० प्रतिशत रकम उच्च शिक्षामा, प्राविधिक शिक्षामा, विद्यार्थी दिवाखाजा, छात्रवृत्ति, भौतिक सुधार लगायतका शीर्षकमा खर्च गरिने भनिएको छ । यी एकाध प्रतिनिधि उदाहरण मात्र हुन् । संघीय तथा प्रादेशिक सरकारबाट प्रत्येक बर्ष प्रस्तुत गरिने नीति तथा कार्यक्रममा कृषि, सडक, स्वास्थ्य, शिक्षा, उद्योग, पर्यटन, रोजगारलाई प्राथमिकता दिएको भनिन्छ । यहि सिको गर्दै हरेक स्थानीय तहले नयाँ र आकर्षक नारासहित नीति कार्यक्रम र बजेट प्रस्तुत गर्ने संस्कार स्थापित भैसकेको छ । संघीय सांसदले आफ्नो निर्वाचन क्षेत्रका लागि बढी भन्दा बढी बजेट पार्न कसरत गर्नु उनीहरुको धर्म र स्वभाविक पक्ष भन्नै पर्दछ । सो को अनुशरण प्रदेश सभा सदस्यले गर्दा अनि पालिकाका वडा अध्यक्ष र सदस्यले आफ्नो वडामा धेरै बजेट राख्न बल गर्दा अन्यथा मान्नु पर्दैन ।

५. नीति तथा कार्यक्रमका सवालमा अधिक बिमति राख्नै पर्ने र विपक्षमा वकालत गरिरहनै पर्ने भन्ने हैन । यद्यपि नागरिकका अपेक्षा र महत्वाकांक्षा भने उच्च हुनुलाई भने स्वभाविक भन्नै पर्दछ। नीति र कार्यक्रम स्तरीय हुनैपर्छ। स्थान विशेषको आवश्यकता र नागरिकका चाहनासँग सरकारी नीति कार्यक्रम मेल खानै पर्दछ। तोकिएका कार्यक्रम सम्पन्न गर्न पर्याप्त बजेटको जरुरी पर्छ नै । कार्यक्रमका किताब भने ठूला अनि बजेटको भोल्युम व्यापक बनाउँदैमा सरकार सफल बन्ने होईन। कार्यक्रम कम भएर समस्या हुने होईन, जत्ति कार्यक्रम निर्धारण गरिन्छ ती कामहरु कार्यान्वयन भएमा मात्र सरकार सफल हुने हो ।

नीति र कार्यक्रम समयानुकूल अनि सान्दर्भिक भने हुनै पर्दछ। आजको विश्व परिवेश र प्रविधिको अधिकतम उपयोगका सवालमा हाम्रा योजनाकारहरु सजग र जानकार हुनु जरुरी छ। काम गर्ने तीव्र ईच्छा र इमान्दारिता नै पहिलो शर्त हो । नियत सफा र खोटरहित भएमा प्रस्तुत नीति तथा कार्यक्रम सहजै कार्यान्वयन हुने तथ्यमा कतै बिमति छैन। नीति तथा कार्यक्रम निर्माणकै चरणमा योजनाकारहरु ईमान्दार, सक्षम, दूरदर्शी, वस्तुनिष्ठ र साधन र श्रोतको सही पहिचान गरी आवधिक योजनाहरु उत्कृष्ट बनाउन गम्भीर बनुन् जसका कारणले योजना कार्यान्वयनमा कुनै अवरोध नआओस् भन्ने हामी सबैको अपेक्षा हो।

# औसत राजनीतिज्ञले बिगारेको देश



गुरुराज घिमिरे

जसको चिन्तन केवल पार्टीको पद हत्याउने, चुनाव जित्ने र जसरी हुन्छ सत्ता र शक्तिमा पुग्ने मात्र हुन्छ, त्यस्ता पात्र वा राजनीतिज्ञबाट देश कसरी बन्छ ? जुन देशको नेताले दिनको चौबीस घण्टामा एक घण्टा पनि नयाँ पुस्ताका लागि सोच्तैन, समाज र आगामी भविष्यको चिन्ता गर्दैन, त्यस्ता नेताबाट के अपेक्षा गर्ने ? जुन देशको प्रधानमन्त्री आफ्ना नागरिक कसरी बाँचेका छन् भनेर खोजखबरसम्म गर्दैन, त्यो देशले कति दुःख पाउला ?

तर विडम्बना हामी त्यस्तै पात्रबाट निरन्तर शासित छौं र केही होला भनेर ठूलो आशमा बसेका छौं । यसले हाम्रो चेतना स्तर समेतलाई दर्शाउँछ । हामी आफैं बुद्धु छौं, जथाभावी भोट हाल्छौं र दिन फर्केला भनेर प्रतीक्षा गर्छौं । त्यति मात्र होइन, कोही न कोही त पक्कै आउला र हामीलाई बचाउला भनेर दिन गनेर बस्छौं ।

यसैगरी अझै कति दिनसम्म बस्ने ? एउटा भनाइ प्रचलित छ-समाजमा दुई प्रकारका मानिस हुन्छन् । एक, चिट्ठा पर्ला र धनी हौंला भनेर दिन गनेर बस्ने, अर्को, दिनरात मिहिनेत गर्ने र धनी हुने । हामी कस्ता छौं, आफैं विचार गरौं । तर एउटा कुरा चाहिं पक्का हो कि हामीलाई कडा मिहिनेत गर्न प्रोत्साहन गर्ने राजनीतिक नेतृत्व यतिबेला नेपालमा छैन ।

अब अलिकति भारतको लोकसभा निर्वाचनको चर्चा गरौं। मित्र राष्ट्र भारतमा हालसालै सम्पन्न लोकसभा निर्वाचनले त्यहाँको राजनीतिक तस्बिर, दलहरुको लोकप्रियता, शक्ति र आयामलाई नयाँ मोड दिएको छ। नयाँ प्रधानमन्त्रीको रुपमा पुरानै प्रधानमन्त्री नरेन्द्र मोदीले गत जून ९ मा शपथ लिएका छन् र ७२ सदस्यीय मन्त्रिमण्डल गठन समेत भैसकेको छ । गत संसदीय निर्वाचनको तुलनामा भारतीय राष्ट्रिय कंग्रेसले आफ्नो परिस्थितिमा उल्लेखनीय सुधार गरी इण्डिया गठबन्धनको सहयोगमा सरकार गठन गर्न सक्ने आँकडा नजिक पुगेको छ। दुवै गठबन्धनको लोक सभा सिट २०० र ३०० को बिचमा छ।

तर कंग्रेस नेतृत्वको गठबन्धनले सरकार बनाउन प्रयास नगर्ने घोषणा गरेर एनडीए गठबन्धनले प्राप्त गरेको जनमतको सम्मान गरेको छ । त्यहाँ नेपालमा जस्तो एउटा गठबन्धनबाट चुनाव जितेर अर्को गठबन्धनमा सामेल हुने मौकापरस्त राजनीति चलेन। विगतका दुवै निर्वाचनमा आफ्नो पार्टीको एकल बहुमतबाट प्रधानमन्त्री बनेका मोदीको शिरमा यसपटक गठबन्धनको तरबार झुन्डिएको छ । सरकारको नेतृत्व गरे पनि अब एक्लै निर्णय गरेर अघि बढ्ने विगतको सुविधामा अंकुश लागेको छ भने भारतीय राष्ट्रिय कंग्रेस तङ्गिएको छ। र, आफ्नो सिट संख्यालाई लगभग दुगुना बनाएको छ । यद्यपि लोकसभामा एक्लै २४० सिट ल्याएर भाजपा अरू दलभन्दा मजबुत देखिएको छ।

नेपालमा कम्युनिस्ट पार्टीले सरकारको नेतृत्व गरिरहेका बेला त्यहाँका कम्युनिस्टहरूको जनमत ह्रासोन्मुख छ। सबै कम्युनिस्ट पार्टीहरु भाकपा मार्क्सवादी, भाकपा, भाकपा माले लगायतको सिट संख्याले दश पनि नाघेको छैन। भारतीय राजनीतिमा उनीहरुको अस्तित्वमा नै गम्भीर प्रश्न उठेको छ। र, असान्दर्भिक हुँदै गएको देखिन्छ । भारतीय राष्ट्रिय राजनीतिमा क्षेत्रीय दलहरुको प्रभाव ह्वात्तै बढेको छ। सत्ता राजनीतिमा अब उनीहरु निर्णायक खेलाडी भएका छन्। लोकसभामा कसैको एकल बहुमत नआउनुले छिमेकी देशहरुप्रतिको भारतीय दृष्टिकोण सन्तुलित र परिपक्व रहने सम्भावना बढेको छ । अब त्यहाँको राजनीतिलाई दलविशेषले आफ्नो अनुकूल मात्र चलाउने र अघि बढाउने सम्भावना समाप्त भएको छ। समयक्रममा यसका परिणामहरु देखिँदै जानेछन् ।

एउटा ठूलो र शक्तिशाली छिमेकी राष्ट्रको आमचुनाव र सरकार गठनको राजनीतिक घटनाले नेपाल जस्ता साना र कम विकसित देशको राजनीतिमा प्रभाव नपर्ने कुरै भएन। यस मामलामा नेपाल पुरानो भुक्तभोगी पनि हो । कमजोर छिमेकीहरु शक्तिशाली छिमेकीबाट सकारात्मक व्यवहार र सहयोगको सदैव अपेक्षा गर्दछन् । अझ भौगोलिक मात्र होइन- धार्मिक, सांस्कृतिक र सामाजिक रुपमा पनि युगौंदेखि गहिरो र अन्योन्याश्रित सम्बन्ध रहेको नेपालले भारतबाट अपेक्षा गर्नु स्वाभाविक नै हो । हाम्रो द्विपक्षीय सम्बन्धको इतिहास धेरै पुरानो छ। यस भूखण्डका आफ्नै मौलिक विशेषताहरु छन् जसलाई अरू राष्ट्रसँग तुलना गर्न वा दाँज्न मिल्दैन । जसको थोरबहुत लाभ दुवै देशका नागरिकहरुले लिएका छन् । धार्मिक आस्था, भाषाको लिपि, आध्यात्मिक चेतना, आराध्यदेव, सांस्कृतिक धरोहर र सामाजिक आयामहरुको साझापन र एकरुपताले दुवै देशको व्यक्तित्वलाई विश्व परिदृश्यबाट एकदमै फरक एवं निकट देखाएको छ। र यसमा सत्यता छ पनि। त्यसैले दुवै सार्वभौम राष्ट्रको सम्बन्ध पनि तदनुरुप नै होस् भन्ने जनअपेक्षा मात्र होइन, दुनियाँकै अपेक्षा देखिन्छ।

र अर्को कुरा संसदीय निर्वाचनमा एउटै गठबन्धनमा चुनाव लडेका दलहरू आफ्नो फाइदाका लागि अस्थिर बन्नुहुँदैन भन्नेमा शिक्षा समेत दिएको छ । अब नेपालले के गर्ने र कसरी अघि बढ्ने त भन्ने प्रश्न निकै पेचिलो छ । आजसम्म के गर्नु पर्थ्यो र के गर्यौं ? विगतमा जतिबेला गरेनौं, अब त्यो समय हामीसँग

....बाँकी पृष्ठ ३ मा

# युवालाई राजनीतिप्रति सकारात्मक बनाउनु अहिलेको चुनौती: पौडेल



समाज संवाददाता

बागमती: बागमती प्रदेश सभा सदस्य एवम् नेकपा माओवादी केन्द्र बागमती प्रदेश कमिटीका अध्यक्ष सरल सहयात्री पौडेलले युवालाई राजनीतिप्रति सकारात्मक बनाउनु अहिलेको चुनौती भएको बताउनुभएको छ । शुक्रबार बागमती गाउँपालिकामा आयोजित युवामैत्री स्थानीय शासनका लागि युवाका मुद्दामा बहस पैरवी कार्यक्रममा बोल्नुहुँदै उहाँले अहिले युवा पुस्ताहरुको मनबाट राजनीतिलाई हटाउन राजनीतिप्रति वितृष्णा फैलाउन विभिन्न क्रियाकलाप भइरहेको भन्दै युवाहरुमा राजनीतिप्रति सकारात्मक सोच हुन आवश्यक रहेको बताउनुभयो ।

युवाले राजनीति नबुझेसम्म युवामाथि अर्कोले शासन गरिरहने उहाँको भनाइ छ । उहाँले राजनीति युवाको पहुँचमा हुनुपर्ने बताउनुभयो । युवा, शिक्षा र स्वास्थ्य क्षेत्र बलियो नभए राज्य बलियो नहुने भन्दै उहाँले बलियो राज्य हुन राजनीति बलियो हुनुपर्ने बताउनुभयो । नेपालमा युवा मात्र नभई सबैका लागि ५० वर्षसम्म पुग्ने नीति, नियम र कानुन बनिसकेको बताउनुहुँदै उहाँले सकारात्मक भएर देशमा सम्भावनाको खोजी गर्नुपर्ने बताउनुभयो ।

यस्तै बागमती प्रदेश सभा सदस्य भारती पाठकले युवाले देशमा सम्भावना देख्नुपर्ने बताउनुभएको छ । देशमा कृषि, वन र पर्यटन क्षेत्रमा रोजगारीको सम्भावना रहेको उहाँले बताउनुभयो । उहाँले यसमा राज्यले युवालाई आकर्षण गर्न नसकिरहेको बताउनुभयो । देशमा अहिलेका युवाले विदेशमा मात्र सम्भावना देखिरहेको भन्दै उहाँले यसतर्फ सरकारले ध्यान पुऱ्याउन आवश्यक रहेको बताउनुभयो । उहाँले युवाका लागि बनेको नीति तथा योजनाको प्रभावकारी कार्यान्वयन हुनपर्ने बताउनुभयो ।

यस्तै बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलानले युवालाई देशमै केही गर्न सकिन्छ भन्ने भावना जगाउनुपर्ने बताउनुभयो । युवालाई उत्पादनसँग जोडेर रोजगारीको अवसर सिर्जना गर्नुपर्ने उहाँले बताउनुभयो । यसका लागि पालिकाले अहिले नीति, योजना, कार्यक्रम तथा बजेटमा उत्पादनलाई जोड दिएको बताउनुभयो । उहाँले युवा पुस्ता अध्ययन र सीप सिक्न विदेश जाने कुरा पनि राम्रो भएकाले त्यहाँ सिकेको सीपलाई स्वदेशमा प्रयोग गर्नुपर्ने बताउनुभयो । यस्तै नेकपा माओवादी केन्द्र बागमती गाउँपालिका कमिटीका अध्यक्ष अरुण बलले युवा विदेश पलायन हुनबाट रोक्न नेतृत्वबाटै सुरु गर्नुपर्ने बताउनुभयो । अहिले नेतृत्वमा हुनेहरु नेता र जनप्रतिनिधिहरु नै आफ्ना बालबालिकालाई पढ्न र काम गर्न विदेश पठाउने गरेको पाइएको भन्दै उहाँले यसलाई नेतृत्वबाटै रोक्नुपर्ने बताउनुभयो ।

यस्तै बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले युवा क्षेत्रमा काम गर्न प्रदेश सरकारले युवा नीति निर्माण गरेको बताउनुभयो । उक्त नीतिले सबै युवाहरुको प्रतिनिधित्व हुने उहाँको भनाइ छ । युवा नीति अन्तर्गत गुणस्तरीय व्यावसायिक शिक्षा, रोजगारी, उद्यमशीलता र सीप विकास, स्वास्थ्य र सामाजिक सुरक्षा, युवा परिचालन सहभागिता नेतृत्व विकास र खेलकुद जस्ता मनोरञ्जन कुरालाई सारमा समेटिएको उहाँको भनाइ छ । उहाँले युवाहरुमा स्वयमसेवकीय भावनाको विकास हुनुपर्ने बताउनुभयो ।

महिला एकता सार्थक समाज नेपाल मकवानपुरको आयोजना, राष्ट्रिय युवा परिषद्को सहयोग र बागमती गाउँपालिकाको व्यवस्थापनमा कार्यक्रम भएको हो । कार्यक्रममा पालिकाभित्रका वडास्तरीय युवा कमिटीबाट युवाहरु सहभागी भएका थिए । कार्यक्रममा युवाहरुलाई नमुना संसदीय अभ्याससमेत गराइएको छ ।

# वातावरणसम्बन्धी निर्णयमा बालसहभागिता आवश्यक



समाज संवाददाता

हेटौंडा: नेपाल सरकारले वातावरण तथा जलवायु परिवर्तनको विषयमा निर्णय गर्दा बालबालिकालाई सहभागी गराउन आवश्यक रहेको बताइएको छ । सरकारले बालबालिकालाई आफ्नो स्वतन्त्र विचार राख्न पाउने वातावरण सिर्जना गर्नुपर्ने युवा र वकालतका संयोजक पवनकुमार खरेलले बताउनुभयो ।

नगरस्तरीय युवा सञ्जालको आयोजनामा भएको अन्तरक्रिया कार्यक्रममा उहाँले वातावरणमैत्री हुँदै बालबालिकाको अधिकार सुनिश्चित गर्न जोड दिने बताउनुभएको हो । कार्यक्रममा खरेलले सामान्य टिप्पणी-२६ को बारेमा प्रस्तुति गर्दै बालबालिकाको सामाजिक सुरक्षा र मर्यादित जीवनयापनमा जोड दिनुभयो ।

बालअधिकारमध्ये केहि अधिकारहरु वातावरणीय क्षति र जलवायु परिवर्तनबाट विशेष जोखिममा परेका छन् । जनजाति, अल्पसंख्यक समूह, अपाङ्गता भएका बालबालिका तथा विपद् एवम् जलवायु परिवर्तनबाट बढी प्रभावित क्षेत्रमा बसोबास गर्ने बालबालिका वातावरणीय क्षतिको बढी जोखिममा हुने खरेलले बताउनुभयो ।

'वातावरणको विषयमा सरकारले काम गर्दा बालबालिकामा नकारात्मक असर नपर्ने गरी काम गर्नुपर्छ', संयोजक खरेलले भन्नुभयो- 'सरकारले नियमित बालअधिकार प्रभाव मूल्याङ्कन गर्न, बालबालिकाको स्वास्थ्यमा हानि गर्ने कम्पनीहरुलाई रोक्नका लागि कानुन, नियम तथा नीति बनाएर बालअधिकारको सम्मान गर्न आवश्यक छ ।' खरेलका अनुसार नयाँ पुस्ता जान्नुपर्ने र जलवायुको असर न्यूनीकरण गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा सहभागी युवाहरुले डम्पिङ साइटको विषयमा कुरा उठाएका थिए । कार्यक्रममा हेटौंडा उपमहानगर पालिका-४ का वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्य रहेको थियो भने युवा सञ्जालका संयोजक विष्णुहरि मिश्रको सभाध्यक्षमा कार्यक्रम सम्पन्न भएको हो ।

# चैनपुर जेसीजद्वारा सिमेण्ट सहयोग

समाज संवाददाता

हेटौंडा: चैनपुर जेसीज मनहरीले मकवानपुरको मनहरी गाउँपालिका-४, मसिनेमा निर्माणाधीन ओम शान्ति भवनलाई सिमेण्ट सहयोग गरेको छ । जेसीजका अध्यक्ष रविन ढकालको जन्मदिनको अवसर पारेर सोमबार एक कार्यक्रमकाबीच ओम शान्ति भवनका लागि २० बोरा सिमेण्ट सहयोग गरिएको हो ।

फजुल खर्च गरेर जन्मदिन मनाउनु भन्दा संस्थालाई आवश्यक सहयोग गरिएको अध्यक्ष ढकालले बताउनुभएको छ । कार्यक्रम संयोजक सुरज ढुंगानाको संयोजकत्वमा भएको कार्यक्रममा वडा अध्यक्ष प्रकाश थापाको प्रमुख आतिथ्य रहेको थियो । वडा अध्यक्ष थापाले सामाजिक कार्य गरेर जन्मदिन मनाउने अभ्यासको सबैले अनुशरण गर्नुपर्ने बताउनुभयो । चालु आर्थिक वर्षमा समेत ओम शान्तिको भवनका लागि बजेट विनियोजन गरेको स्मरण गराउनुहुँदै वडा अध्यक्ष थापाले आगामी वर्षका लागि पनि सक्ने सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ । चैनपुर जेसीज मनहरीले आफ्नो वडाको विकास एवम् समाज परिवर्तनको साझेदारको रुपमा अघि बढेकोमा उहाँले खुसी व्यक्त गर्नुभयो ।

ब्रम्हकुमारी राजयोग सेवा केन्द्र ओम शान्तिका सञ्चालक सुशीला दिदीले धर्मले मानिसलाई अनुशासित बनाउने उल्लेख गर्नुहुँदै सबैको सहयोगबाट संस्था सञ्चालन भैरहेको जानकारी दिनुभयो । धर्मकर्म तथा सामाजिक कार्यमा युवा पुस्ताले ध्यान दिन जरुरी रहेको उहाँको सुझाव थियो । जेसीजका अध्यक्ष सल्लाहकार विदुर विक्रम थापाले जन्मदिन तथा विवाह उत्सवमा अनावश्यक खर्च गर्नु सट्टा समाजमा सकेको सहयोग गर्ने कार्यलाई सबैले अनुशरण गर्दै अघि बढ्नुपर्ने बताउनुभयो । कार्यक्रममा चैनपुर जेसीज मनहरीका संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारीको पनि आतिथ्य रहेको थियो ।

# तीन दिने शिविरबाट ३ सय ७२ जना लाभान्वित



समाज संवाददाता

हेटौंडा. सर्लाही जिल्लाको मलंगवा-१० स्थित मित्र सर्लाहीको आयोजनामा भएको तीन दिने नि:शुल्क स्वास्थ्य शिविरबाट ३ सय ७२ जना लाभान्वित भएका छन् । हेटौंडा उपमहानगरपालिका-७, १४ र १७ मा भएको स्वास्थ्य शिविरमा ३ सय ७२ जनाले स्वास्थ्य जाँच गरेको कार्यक्रम संयोजक इन्दिरा न्यौपानेले जानकारी दिनुभयो ।

शिविरमा महिलाहरुको प्रजनन् स्वास्थ्यसम्बन्धी भीआईए स्क्रिनिङ, जनरल फिजिसियन तथा दन्तरोगको परीक्षण गरिएको थियो । पहिलो दिन आइतबार हेटौंडा-७, नागस्वती शहरी स्वास्थ्य केन्द्रमा भएको शिविरमा ७३ जनाले जाँच गराएका थिए । जाँच गराएकामध्ये ५२ जनालाई औषधी वितरण गरिएको थियो ।

सोमबार हेटौंडा-१७, हटिया शहरी स्वास्थ्य केन्द्रमा भएको स्वास्थ्य शिविरमा ९६ जनाले जाँच गराएकामा ८३ जनालाई औषधी दिइएको थियो । मंगलबार भएको शिविरमा जाँच गराएका ५३ जनामध्ये ४३ जनालाई औषधि वितरण गरिएको छ । शिविरमा जँचाएकामध्ये करिब ५० जनालाई प्रजनन स्वास्थ्यसम्बन्धी संक्रमण देखिएको छ भने करिब ३० जनालाई डाक्टरले हेटौंडा अस्पताल बोलाएका छन् । न्यौपानेका अनुसार शिविरमा एकसय ५० जनाको दन्त जाँच गरिएकोमा ९५ जनाको दाँत निकालिएको छ ।

शिविरमा हेटौंडा उपमहानगर पालिकाले ३ लाख ५० हजार रुपैयाँ आर्थिक सहयोग गरेको थियो । शिविरको उद्घाटन हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँले गर्नुभएको थियो । शिविरमा नेपाल परिवार नियोजन संघ मकवानपुर, मकवानपुर पोलिक्लिनिकको प्राविधिक सहयोग रहेको थियो ।

## *औसत राजनीतिज्ञले...*

छैन र हामीसँग अहिले जुन समय छ, यसलाई कसरी सदुपयोग गर्ने ? हुनत हामीसँग यतिबेला राष्ट्रिय चिन्तन बोकेको राजनीतिक नेतृत्व छैन, औसत राजनीतिज्ञ मात्र छन्, जसलाई आफ्नो र परिवारको मात्र चिन्ता छ । तथापि हामीलाई अघि बढ्नु नै छ । त्यसैले चिन्तन यसैमा हुनुपर्छ ।

हामी दुई ठूला विश्व महाशक्ति राष्ट्रको बीचमा छुट्टै र स्वतन्त्र अस्तित्वका साथ आजसम्म बाँचेका छौं । दुवै राष्ट्रका लागि नेपालको सामरिक महत्व पनि छ । र यो झन् बढेर गएको छ । तसर्थ पहिलो कुरा त दुवै छिमेकीसँग सुमधुर सम्बन्ध राख्नुपर्छ, हाम्रो राष्ट्रिय हितलाई सर्वोपरि राख्दै उनीहरुको अहित हुने कार्य गर्नुहुँदैन । आजसम्म यसमा हाम्रो पटक्कै ध्यान पुगेन। न त हामीले राष्ट्रिय हितको जगेर्ना र प्रवर्धन गर्न सक्यौं, न छिमेकीको संवेदनशीलता बुझ्यौं । हामीले स्थापना र पुन:स्थापना गरेको लोकतान्त्रिक प्रणाली हाम्रा लागि मात्र भयो, देश र जनताका लागि भएन ।

राणाशाहीको अन्त्यपछि नै हाम्रो स्वार्थको टकराव सुरु भयो । देशलाई स्वाभिमानपूर्वक अघि बढाउन खोज्ने केही राजनीतिक पात्रहरुको निर्ममतापूर्वक दमन गरियो । आखिर परिणाम के भो त, हामी सबैलाई राम्रोसँग थाहा छ । नेपालमा प्रजातन्त्रको स्थापनापश्चात् हामीले राष्ट्र निर्माणको सुनियोजित यात्रा प्रारम्भ गर्न सकेको भए आज नेपालको हालत यस्तो हुने थिएन । र संसारभर नेपालीहरू यति साह्रो हेपिनु पर्ने थिएन । अरू कुनै पहिचान बनाउन नसकेर वीर गोर्खाली, सगरमाथा र बुद्धको देश भनेर बारम्बार चिच्याउनुपर्ने थिएन । यसैगरी कतिपय विषयमा छिमेकीहरुलाई दोष दिएर आफ्नो अयोग्यता, कमजोरी र दोष ढाकछोप गर्नुपर्ने थिएन । यसले एउटा नेपाली उखानलाई चरितार्थ गरेको छ, "नाँच्न नजान्ने, आँगन टेढो" ।

अब कुरा आउँछ, समस्या कहाँ छ त ? यहाँ समस्या राजनीतिक दलको उम्मेदवार छनोट प्रणालीबाटै सुरु हुन्छ । वडा सदस्यदेखि संघीय संसद्को सदस्यसम्मका उम्मेदवार छान्दा अपनाइने प्रक्रिया बिल्कुलै परम्परागत र अवैज्ञानिक छ । राज्यको कुन तहमा कसलाई किन पठाउने भन्ने वस्तुनिष्ठ आधार र तर्कसंगत कारण स्पष्ट नगरिकन अन्धाधुन्ध वा दलका नेताको स्वार्थ वा मनोगत चाहना मुताविक उम्मेदवार छान्दा मतदाताले किन मत हाल्ने भन्ने स्वत: प्रश्न उठ्छ । आजसम्म यस्तै हुँदै आएको छ र निर्वाचनबाट गतिला नेता पनि पैदा भएका छैनन् । आजसम्मको अभ्यासबाट अपवादका सीमित नेता बाहेक अधिकांश औसत नेता जन्मेका छन्, जो वैयक्तिक स्वार्थ भन्दा माथि उठ्नै सक्तैनन् । कतिलाई त राजनीतिमा किन छु भन्ने थाहा छैन । यस्ता व्यक्ति मन्त्रीसम्म पनि भैसकेका छन् । तर हामी यस्तै नेताबाट आश गरेर बसेका छौं। नेपालको राजनीतिमा यस्तै प्रवृत्तिको रजगज छ ।

राज्यको संवैधानिक र कानुनी प्रबन्धहरु अझैसम्म सामन्तवादी र परम्परागत छन् । राष्ट्रिय चिन्तन र क्षमता नभएका व्यक्तिहरु फगत प्रशासनिक पृष्ठभूमिका आधारमा राज्यको संवैधानिक र प्रशासनिक पदमा चयन गरिन्छन् । अझ हाँस्यास्पद कुरा त के छ भने मुख्य दलहरु बीच पदमा भागबन्डा हुन्छ र त्यहाँ नाता एवं द्रव्यको मोलमोलाइका आधारमा नियुक्ति गरिन्छ । संवैधानिक अङ्गले महत्वपूर्ण कदम चाल्नुपर्दा राजनीतिक दलको झैं त्यहाँ बहुमत अल्पमत हुन्छ । कूटनीतिक क्षेत्रमा क्षमताविहीन आसेपासेहरुको भर्ती गरिन्छ । यसबाट न वैदेशिक सम्बन्धमा सुधार हुन्छ, न त दातृ राष्ट्र वा संस्थाले नेपाललाई सहायता गर्ने वातावरण बन्छ ।

के कूटनीतिक क्षेत्र आसेपासेलाई जागिर खुवाउने ठाउँ हो ? राज्यका महत्वपूर्ण स्थानहरु जिन्दगीबाट थाकेका र केही स्वार्थ पूरा गर्न बाँकी रहेका रोगी पात्रहरुको थकाइ मार्ने बिसौनी भएका छन् । विश्वविद्यालयमा सर्वोत्कृष्ट नतिजा ल्याएका, उमेर, ऊर्जा र क्षमता भएका युवाहरुमाथि चरम दुर्व्यवहार छ । समाजका हिराहरुलाई कौडीको मोल दिइदैन । अनि उनीहरुले देश नछाडेर के गरुन् ? यस्तो रवैयाले देश अगाडि कसरी बढ्छ ? व्यक्ति वा संस्थाको जीवन कार्यसूचीबद्ध भएन भने यस्तै हुन्छ । राष्ट्र एउटा विशाल संस्था हो, नागरिकले आफ्ना लागि निर्माण गरेको हो । तर आज नेपालको सन्दर्भमा राज्य स्वयं नागरिकको वैरी भएको छ । न गुणस्तरीय शिक्षा, न स्वास्थ्योपचार, न रोजगारी, न उद्यम, न उद्योग कलकारखाना, न महँगी नियन्त्रण, न शान्ति र अमनचैन, न सुरक्षा, आखिर केका लागि राज्य चाहिएको हो त ? आफ्ना नागरिकका विषयमा पटक्कै चासो नदिने राज्यको के काम ? आज जनमानसमा उठिरहेको प्रश्न हो यो । गफाडी, स्वार्थी र सत्तालोलुप नेता भएको देश बर्बाद नभए के हुन्छ !

हामीले आजसम्म लोकतन्त्रको संस्थागत विकास गर्ने दिशामा पटक्कै ध्यान दिएनौं । पद्धतिले काम गर्ने र व्यक्ति गौण हुने परिपाटी बसाल्न सकेनौं । यस तितो यथार्थलाई मनन गरी सुध्रिने लक्षण पनि देखाएनौं । यो सबै परिस्थितिलाई हेर्दा हामी रोबर्ट मुगावेको बाटोमा अग्रसर छौं झैं प्रतीत हुन्छ । जिम्बावेमा रहेको बेलायती औपनिवेशिक शासनको अन्त्यका लागि लडेका, एकदशक जेल बसेका, स्वतन्त्रता सेनानी, सन् १९६० को दशकका क्रान्तिकारी नेता रोबर्ट मुगावेले जिम्बाबेलाई झण्डै चारदशक प्रधानमन्त्री र राष्ट्रपतिको रूपमा नेतृत्व प्रदान गरेको हामीलाई थाहा छ । तर सत्तारूढ भएपछि उनको रवैया के भयो ? उनले जिम्बाबेलाई आफ्नो मुट्ठीमा राखेर तहसनहस पारे । अन्ततः सन् २०१७ मा राष्ट्रिय हितको खातिर सेनाको सहयोगमा उनलाई हटाउनुपर्‍यो । के नेपाल त्यही बाटोमा अग्रसर हो ? प्रजातन्त्रको नाममा कुलीनतन्त्रको अभ्यास गरेर जनताको नाममा कति दिन शासन गर्न सकिन्छ, समयमै विचार गरौं । *(स्रोत: अनलाईनखबर)*

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-बाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# उत्कृष्ट नतिजा ल्याउने मनहरीका विद्यार्थी, शिक्षक र विद्यालय पुरस्कृत



पालिकाकै उत्कृष्ट विद्यालयको रुपमा पशुपतिनाथ माविलाई पुरस्कृत गरिँदै । पुरस्कार ग्रहण गर्नुहुँदै शिक्षिका ज्योति थापा ।

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मनहरी गाउँपालिकाले शैक्षिक सत्र २०८० को बार्षिक परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक र विद्यालयलाई पुरस्कृत गरेको छ ।

मनहरी गाउँपालिकाका सामुदायिक विद्यालयमा शैक्षिक उपलब्धिको आधारमा उत्कृष्ट हुने विद्यालयलाई पुरस्कृत गरिएको हो । गाउँपालिका सामाजिक विकास समिति संयोजक अनन्तप्रकाश अर्यालको अध्यक्षतामा तथा गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा गाउँपालिका उपाध्यक्ष सीता पुलामी, प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदी, शिक्षा अधिकृत प्रदीप पराजुलीले नगद, सम्मानपत्र प्रदान गर्नुभएको थियो ।

विभिन्न विद्यालयको शिक्षक तथा विद्यालय व्यवस्थापन समितिको रोहवरमा कार्यक्रम सन्चालन भएको हो । गाउँपालिकामा रहेका सामुदायिक विद्यालयतर्फ शैक्षिक सत्र २०८० को एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याई गाउँपालिका प्रथम हुने पशुपतिनाथ माविलाई एक लाख ९० हजार नगद प्रदान गरिएको हो । कक्षा ८ तर्फ प्रथम युवाबर्ष आधारभूत विद्यालयलाई एक लाख ३५ हजार, कक्षा ५ तर्फ चकरी प्राविलाई ७५ हजार रुपैयाँसहित पुरस्कृत गरिएको हो ।

कार्यक्रममा तीनवटै तहमा विषयगतरुपमा उत्कृष्ट नतिजा ल्याउने शिक्षक नगद तथा प्रमाणपत्रबाट सम्मानित भएका छन् । शैक्षिकसत्र २०८० मा कक्षा ८ आधारभूत तह उत्तीर्ण परीक्षा गाउँपालिकाको उत्कृष्ट विद्यार्थी जिसन न्यौपाने (३.८७ जिपिए) पुरस्कृत भएका छन् । कक्षा ५ को उपलव्धी परीक्षामा गाउँपालिका प्रथम, द्वितीय र तृतीय क्रमशः जनज्योति आविका योगेश मुक्तान, विनाकालिका प्राविका सिद्धान्त ढकाल, विनाकालिका प्राविकै अविसि ओझा पुरस्कृत भएका छन् ।

आधारभूत तह कक्षा ८ को गाउँपालिकास्तरीय परीक्षामा प्रथम, द्वितीय र तृतीय क्रमशः राष्ट्रिय रोटरी माविका नेमराज तामाङ, महेन्द्रकिरण माविका कञ्चन सुवेदी, राष्ट्रिय रोटरी माविका अंकित दाहाल र मुना रसाइली पुरस्कृत भएका छन् । एसईईमा गाउँपालिका प्रथम, द्वितीय र तृतीय क्रमशः राष्ट्रिय रोटरी माविकी रश्मि बानियाँ, पशुपतिनाथ माविकी पार्वती तितुङ, राष्ट्रिय रोटरीकी विद्या सुनार र बालजीवनज्योति माविका सन्देश विक पुरस्कृत भएका छन् । गाउँपालिकाभित्र ३२ वटा सामुदायिक र ७ वटा संस्थागत विद्यालय रहेका छन् ।

कार्यक्रममै एक विद्यालय एक ल्यापटपअन्तर्गत प्राथमिक तहका १४ वटा सामुदायिक विद्यालयलाई ल्यापटप वितरण गरिएको छ । त्यसैगरी विद्यालयको पठनपाठनलाई सहज बनाउन र तयारीका साथ कक्षाकोठामा जान सबै शिक्षकलाई शिक्षक डायरी प्रदान गरिएको थियो । नगद तथा प्रमाणपत्र प्राप्त गरी पुरस्कृत भएका शिक्षक, विद्यार्थी तथा विद्यालयले आफूहरुलाई थप उर्जा मिलेको तथा गाउँपालिकाले शैक्षिक क्यालेन्डर मार्फत शैक्षिक गतिविधिलाई व्यवस्थित बनाएको बताएका थिए ।

# पाठ्यक्रम प्रबोधीकरण तालिम सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१९, बस्तीपुरमा रहेको निर्मल माध्यमिक विद्यालयमा पाठ्यक्रम प्रबोधीकरण तालिम सम्पन्न भएको छ । सोमबार विद्यालयले आयोजना गरेको तालिममा कक्षा ३ सम्म अध्यापन गराउने १० जना शिक्षकको सहभागिता रहेको विद्यालयका अतिरिक्त क्रियाकलाप संयोजक शिक्षक पूण्यशिला श्रेष्ठले जानकारी दिनुभयो ।

एकीकृत पाठ्यक्रम कार्यान्वयनमा ल्याउने उद्देश्यले तालिम आयोजना गरिएको श्रेष्ठले बताउनुभयो । विद्यालयले गतवर्ष पनि यस्तो तालिमको आयोजना गरेको थियो । तालिमको प्रशिक्षण माधव गौतमले गर्नुभएको थियो । विद्यालयका प्रधानाध्यापक प्रबोध बिडारीको प्रमुख आतिथ्य तथा विद्यालयका शिक्षा संयोजक राममणि बर्तौलाको आतिथ्य रहेको थियो । १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा हाल एक हजार ७ सय जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
Email:sambridhasamaj@gmail.com

# युवा लक्षित कार्यक्रम समावेश गर्न माग

समाज संवाददाता

हेटौंडाः नगरस्तरीय युवा सञ्जाल हेटौंडाले युवा लक्षित कार्यक्रम समावेश गर्न माग गर्दै ज्ञापनपत्र बुझाइएको छ । सञ्जालका संयोजक विष्णुहरि मिश्रले हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलमार्फत् सामाजिक विकास महाशाखालाई ज्ञापनपत्र हस्तान्तरण गर्नुभएको हो ।

ज्ञापनपत्रमा सञ्जालले ४ बुँदे माग समावेश गरेको छ । स्थानीय सरकारको बजेट विनियोजनमा युवा लक्षित कार्यक्रम समावेश गर्न र स्थानीय अनुकूलन कार्ययोजना निर्माण गर्न आवश्यक सहयोग तथा समन्वय गर्न माग गरिएको छ । युवामैत्री स्थानीय शासन कार्यविधि निर्माण र सोको कार्यान्वयन स्थानीय तहमा हुनुपर्ने माग गरिएको छ । सञ्जालले युवा स्वरोजगार तथा वातावरण संरक्षणको निमित्त स्थानीय तहमा हरित उद्यम कार्यविधि निर्माण गर्नसमेत माग गरेको छ ।

नगरस्तरीय युवा सञ्जाल, हेटौंडाका युवाहरुले सामूहिक छलफलपछि पालिकालाई ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र पेश गरेको मिश्रले बताउनुभयो । वातावरणीय प्रभाव निराकरण, युवा सशक्तिकरण, हरित उद्यममा युवालाई समावेश गराउने उद्देश्यका साथ पालिकालाई अनुरोध गरिएको हो । सञ्जालले विगत एक वर्षदेखि वातावरण संरक्षण तथा जलवायु परिर्वतनका विषयमा सरोकारवालाहरुसँग अन्तरक्रिया, विद्यालयस्तरीय कार्यक्रम गर्दै आएको छ ।

# नवप्रवेशी शिक्षकलाई सेवा प्रवेश तालिम

समाज संवाददाता

हेटौंडाः नवप्रवेशी प्राथमिक तहका शिक्षकहरुका लागि सेवा प्रवेश तालिम सम्पन्न भएको छ । शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको आयोजनामा शुक्रबारदेखि सुरु भएको ३ दिने तालिम आइतबार सम्पन्न भएको इकाईका प्राविधिक सहायक तथा तालिम संयोजक सरला अधिकारीले जानकारी दिनुभयो ।

गत चैत २५ गते नयाँ नियुक्ति लिएका ३७ जना शिक्षकहरुका लागि तालिम आयोजना गरिएको हो । तालिममा शिक्षकहरु विद्यार्थीसमक्ष कसरी प्रस्तुत हुने, कसरी पढाउने, विषयवस्तुको प्रस्तुतिकरण, शिक्षा ऐन-नियम, सरुवा, बढुवालगायत विषयमा सहजीकरण गरिएको अधिकारीले जानकारी दिनुभयो । तालिममा ३० जना शिक्षकको उपस्थिति थियो ।

शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दिनानाथ गौतमको सभाध्यक्षतामा तालिमको समापन गरिएको हो । तालिममा सहभागी शिक्षकहरुलाई प्रमाणपत्र वितरण गरिएको छ । तालिममा अंग्रेजी, नेपाली, सामाजिक, विज्ञान र गणित विषयका ५ जना विषयगत शिक्षकसहित ७ जनाले सहजीकरण गर्नुभएको थियो ।

# ब्राउन सुगर सहित वाइबा पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगरपालिका-३, थानाबजारबाट प्रहरीले लागूऔषध ब्राउन सुगरसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा थाहा नगरपालिका-२, घर्तिखोलाका १९ वर्षीय मिलन वाइबा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

आइतबार साँझ ६ बजेको समयमा त्रिभुवन राजपथ सडकखण्डमा हेटौंडाबाट बज्रबाराहीतर्फ आउँदै गरेको ना ८ ख १३९४ नम्बरको बसमा अवैध लागूऔषध लुकाइछिपाई ल्याएको विशेष सूचनाको आधारमा प्रहरी टोलीले खोजतलास गर्दा बसका सहचालक वाइबाको साथबाट लागूऔषध ब्राउन सुगर ३२ मिलीग्राम फेला पारेको थियो । लागूऔषधसहित वाइबालाई नियन्त्रणमा लिई थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय पालुङ लगिएको प्रहरीले जानकारी दिएको छ ।

# हत्या गरी फरार रहेका वाइबा २० वर्षपछि पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले कर्तव्य ज्यान मुद्दाका एक जना फरार प्रतिवादीलाई २० वर्षपछि पक्राउ गरेको छ । पक्राउ पर्नेमा इन्द्रसरोवर गाउँपालिका-१ स्थित नयाँगाउँका ६१ वर्षीय सन्तबहादुर वाइबा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिनुभयो ।

वाइबाले २०६१ साल जेठ ३ गते इन्द्रसरोवरस्थित नयाँगाउँमा काठमाडौंका ४२ वर्षीय केदारप्रसाद पराजुलीलाई कुटपिट गरी उनको साथबाट ५० हजार रुपैयाँ नगद लुटेर भीरबाट खसालेर हत्या गरेका थिए । वाइबालाई जिल्ला अदालत मकवानपुरले २०७० सालमा कर्तव्य ज्यान मुद्दामा दोषी ठहर गरी १६ वर्ष कैद सजाय र ३ लाख रुपैयाँ जरिवाना तोकिएको थियो । त्यसपश्चात् वाइबा फरार भएका थिए ।

वाइबा आफ्नै घरमा लुकिछिपी बसेको भन्ने विशेष सूचनाको आधारमा आइतबार दिउँसो १ बजेको समयमा प्रहरी टोली खटेर उनलाई घरबाटै नियन्त्रणमा लिएको हो । वाइबालाई थप अनुसन्धान प्रक्रियाका लागि जिल्ला प्रहरी कार्यालयमा ल्याइएको प्रवक्ता भण्डारीले जानकारी दिनुभयो । पक्राउ परेका वाइबालाई फैसला कार्यान्वयनका लागि अदालतमा उपस्थित गराइने उहाँले बताउनुभयो ।




# २ सय ३७ फरार प्रतिवादी पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले चालु आर्थिक वर्षको जेठ मसान्तसम्म विभिन्न मुद्दामा फरार २ सय ३७ प्रतिवादीलाई पक्राउ गर्न सफल भएको छ । अदालतबाट सजाय र कैद भुक्तानी तोकिएका २ सय ३७ प्रतिवादीलाई पक्राउ गर्न सफल भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक एवम् प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिनुभयो ।

पक्राउ पर्नेमा १ सय ९७ जना पुरुष र ४१ जना महिला रहेका छन् । पक्राउ परेकाहरुलाई ३९ लाख ३२ हजार रुपैयाँ जरिवानासमेत तिराइएको छ ।

